
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २६ गते आइतबार ❑ 11 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## मिडियाको भूमिका महत्वपूर्ण : शिक्षामन्त्री पौडेल

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौं




शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले मुलुकको राजनीतिक, सामाजिक परिवर्तनमा मिडिया जगतको महत्वपूर्ण भूमिका रहँदै आएको बताउनुभएको छ।

प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश समितिको शनिबार पोखरामा आयोजित तेस्रो पूर्ण बैठकमा उहाँले सरकारका कामकारवाहीदेखि राजनीतिक दलले अघि सारेका मुद्दालाई जनस्तरमा स्थापित गर्न मिडियाले अर्थपूर्ण भूमिका खेल्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले मिडियाको समयसापेक्ष विकाससँगै पत्रकारको दक्षता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । सामाजिक सञ्जाल पनि सशक्त माध्यमका रुपमा आएको भन्दै मन्त्री पौडेलले त्यसको सही सदुपयोग हुनुपर्ने धारणा राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सचिवसमेत रहनुभएका मन्त्री पौडेलले आगामी चुनावबाट माओवादी केन्द्र वामपन्थीतर्फ पहिलो शक्तिका रुपमा आउने बताउनुभयो । परिवर्तनका एजेन्डा बोकेको दल भएकाले माओवादी जनतामाझ स्थापित भइसकेको उहाँको भनाइ छ ।

## आत्महत्या न्यूनिकरणका लागि कारणको खोजी आवश्यक : मन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौं



गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारीले मानसिक स्वास्थ्यलाई बुझेर उपचार एवम मनोपरामर्शमा ध्यान दिन सके आत्महत्याको न्यूनिकरण हुने बताउनु भएको छ।

विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा कोपिला नेपालले 'आशा जगाऔं, जीवन बचाऔं' भन्ने नाराका साथ पोखरामा आयोजना गरेको आत्महत्या अवस्था रोकथामका उपायहरु विषयक प्रदेश स्तरीय अन्तरसंवाद कार्यक्रममा मन्त्री अधिकारीले बढ्दो आत्महत्या न्यूनिकरणका लागि मानसिक स्वास्थ्यसँगै समुदाय स्तरबाटै कारण खोजी गरेर समाधानमा पहल गर्नुपर्नेमा जोड दिनुभएको हो । उहाँले आत्महत्याको निमर्म बाटो रोज्न समाजका विभिन्न कुराले प्रभाव पार्ने भएकाले सामाजिक, आर्थिक, सांस्कृतिक, मनोवैज्ञानिक अवस्थाको अध्ययन र जीवनलाई निराशा तिर मोडन नदिन शिक्षा, स्वास्थ्य, रोजगारका अवसरहरु सृजना गर्नुपर्ने बताउनुभयो । सो अवसरमा उहाँले गण्डकी प्रदेश सरकारले रगत निशुल्क, महिलाका लागि पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायतको उपचारका निशुल्क गरेको साथै गर्भवती सुत्केरीका लागि समेत विभिन्न कार्यक्रम ल्याएको जानकारी दिनुभयो । उहाँले स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी हुँदै गएको र सबैले स्वास्थ्य विमा गर्न पनि आग्रह गर्नुभयो।

कार्यक्रमा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले मानसिक स्वास्थ्य समस्यामा भएकाहरु प्रति सकारात्मक दृष्टिकोणको खाँचो औल्याउनुभयो । उहाँले मानसिक स्वास्थ्य समस्यानै आत्महत्यको कारण बन्दै गएको उल्लेख गर्दै तनाव व्यवस्थापनका विषयलाई प्राथमिकतमा राखेर कार्यक्रम गर्नुपर्ने उहाँको भनाइ थियो । उहाँले मानसिक स्वास्थ्य सम्बन्धी छुट्टै अस्पताको आवश्यता रहेको बताउनुभयो । कार्यक्रमा गण्डकी अस्पताल पोखरा मनोसामाजिक स्वास्थ्य विभागका डा. बसन्त ढुंगानाले आत्महत्याको कारण र रोकथामका उपायका बारेमा प्रस्तुतीकरण राख्दै विश्वमा प्रत्येक ४० सेकेण्डमा १ जनाले आत्महत्या गर्ने र वार्षिक ८ लाखले आत्महत्या गर्ने गरेको जनाउँदै रोकथामका लागि सबैको सहयोग र सहकार्य आवश्यता औल्याउनुभयो । कोपिला नेपालका कार्यकारी निर्देशक विना सिलवालले मानसिक स्वास्थ्य समस्या भएकाहरुको स्थनीय तहमानै सहज उपचारको पहुँच नहुँदा विभिन्न जिल्लाबाट उपचारमा पोखरा धाउनु पर्ने बाध्यता निकै महँगो र असहज भएको बताउनुभयो । उहाँले समाजले मानसिक स्वास्थ्य समस्या भएकालाई सहज नस्विकार्ने साथै समस्या भए पनि उपचारमा तदारुकता नदेखाउँदा कतिपय आत्महत्याको बाटो रोज्न बाध्य हुने गरेको बताउनुभयो । कार्यक्रममा नेपाली काँग्रेसका सहसचिव नविन सिग्देल, राष्टिय मानवअधिकार आयोगका कार्यक्रम अधिकृत टंक खनाल, यातना पिडित समाज गण्डकीका अध्यक्ष तिलबहादुर उप्रेती लगायतले आफ्नो धारणा राख्नुभएको थियो । गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट सहभागिहरुले मानसिक स्वास्थ्य र त्यसले निम्त्याएको अवस्था साथै, औषधि उपचारमा देखिएको जटिलताको बारेमा आफ्नो अनुभवहरु राख्नुभएको थियो । सो अवसरमा कोभिड १९ सँगको सामना कथा पुस्तक विमोचन समेत गरिएको थियो।

## 'विकास निर्माणमा सङ्घसंस्थाको महत्वपूर्ण भूमिका'

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौं



गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभामन्त्री विन्दुकुमार थापाले स्थानीय विकास निर्माणमा सामाजिक सङ्घसंस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभएको छ।

पोखरा महानगरपालिका-८ वगालेटोलमा स्थानीय सक्रियतामा रु ८५ लाखको लागतमा निर्माण सम्पन्न गरिएको तीनतल्ले बहुद्देश्यीय सामुदायिक भवनको शनिबार उद्घाटन गर्दै उहाँले भवन समाजका सम्पूर्ण जातजातिका लागि बहुपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो । विकास निर्माणका लागि प्रदेश सरकार समाजिक सङ्घसंस्थासँग समन्वय र सहकार्यका आधारमा साझेदारी गरेर अघि बढ्न प्रतिबद्ध रहेको बताउँदै उहाँले सामुदायिक भवन आयआर्जनको माध्यम बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विपद्को अवस्थामा उपयोगी बन्ने खुल्ला जग्गाको संरक्षणमा स्थानीय समुदायले ध्यान दिनुपर्नेमा जोड दिँदै मन्त्री थापाले शान्तिघाटस्थित शवदाहस्थललाई सञ्चालन गर्न आवश्यक पहल गर्ने विश्वास व्यक्त गर्नुभयो ।

भवन निर्माण समितिका संयोजक श्यामकृष्ण श्रेष्ठका अनुसार दिवा तथा आवासीय क्रियापुत्री सेवा, ज्येष्ठ नागरिक सेवा केन्द्रसहित सभाहल रहेको उक्त भवन निर्माणमा प्रदेश सरकारको पाँच लाख र वडा नं ८ को रु तीन लाख बाँकी स्थानीय चार सयभन्दा बढी चन्दादाताको आर्थिक सहयोग छ । कार्यक्रममा पोखरा-८ का वडाध्यक्ष रुद्रनाथ बरालले भवन निर्माणमा आर्थिक सहयोग गर्ने चन्दादातालाई सम्मानपत्र र दोसल्लाले सम्मान गर्दै भवनलाई उद्यमशीलतासँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो । बलागले टोल सुन्दरमार्ग टोल विकास संस्थाका अध्यक्ष हिराकाजी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सल्लाहकार एवम् ज्येष्ठ नागरिक सरोकार समिति नेपालका अध्यक्ष भक्तराज श्रेष्ठ लगायतले सामुदायिक भवनको आवश्यकतामाथि चर्चा गर्नुभएको थियो ।

## विद्यार्थीहरु भोलिका नेतृत्वकर्ता हुन्: मन्त्री बुढामगर

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौं



गण्डकी प्रदेशका भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारणमन्त्री मन्त्री चन्द्र बुढामगर (सागर) ले आजका विद्यार्थीहरु भोलिको देशको नेतृत्वकर्ता भएको बताएका छन् ।

नेपाल मगर विद्यार्थी संघ कास्कीको १९ औं जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै मन्त्री बुढाले आजको विद्यार्थीहरु भोलिको देशको नेतृत्वकर्ता भएको बताएका हुन् । 'आजको विद्यार्थीहरु विभिन्न तहमा क्रियाशिल छन्' उनले भने 'अब देशको नेतृत्व गर्न राजनीतिक, प्रशासन क्षेत्रबाट विद्यार्थीहरु देशको नेतृत्व गर्न आउनेछन् ।' मगर लगायत अन्य आदिवासी जनजाति समुदायहरु एक जुट नभएको बताउदै पहिचानको मुद्धा सेलाएको मन्त्री बुढाको टिप्पणी छ। 'विभिन्न तहमा मगर तथा आदिवासीहरुको मुद्धाले स्थान पाएको छैन, तमुवानको मुद्धामा मगरहरुले अग्रसता देखाउन नसक्दा सिङ्गो आदिवासीको मुल मुद्धाले स्थान पाउन सकेन ।' उनले भने । उनले आन्दोलनका स्वरुप परिवर्तन गर्दै अब शिक्षामा अग्रसता देखाउँदै राज्य सञ्चालन क्षेत्रमा प्रवेश गर्न मगर तथा आदिवासीहरु आवश्यक रहेको बताए । 'हामीले भन्दै आएको निशुल्क शिक्षा अहिले महङ्गी शिक्षा भइरहेको छ । हामीले विभिन्न आन्दोलन गर्यौं तर कार्यान्वयन हुन सकेन, मन्त्री बुढामगरले भने, 'त्यसैले अबका विद्यार्थीहरुले राज्य संचालनको विभिन्न भुमिका गर्दै यस शिक्षा नीति बदल्न विद्यार्थीहरुको भुमिका रहुनपर्छ ।' कार्यक्रममा नेपाल विद्यार्थी संघका गण्डकी प्रदेश अध्यक्ष विष्णु आलेले मगर पहिचानको संरक्षण गर्न विद्यार्थीहरु अग्रसर बन्न आग्रह गरे । नेपाल मगर विद्यार्थी संघ कास्कीको १९ औं जिल्ला अधिवेशनले नयाँ समिति समेत चयन गरेको छ।

## नेपाल लोकतान्त्रिक तमु संघको दोस्रो राष्ट्रिय सम्मेलन पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौं

नेपाल लोकतान्त्रिक तमु संघको दोस्रो राष्ट्रिय सम्मेलन भदौ २८ र २९ गते पोखरामा हुने भएको छ। राष्ट्रिय सम्मेलन आयोजक समितिले पोखरामा शनिबार पत्रकार सम्मेलन गरी सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएको छ । संघ नेकपा (एमाले) को जनसंगठन नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ अर्न्तगतको एक महत्वपूर्ण घटक हो।

सम्मेलन भव्यताका साथ सफल पार्न गत साउन १४ गतेको भेलाले बेदबहादुर गुरुङ (श्याम) को संयोजकत्वमा १४१ सदस्यीय सम्मेलन आयोजक समिति, पोखरा गठन गरेको छ। संयोजक गुरुङका अनुसार सम्मेलन सम्पन्नार्थ १२ वटा उपसमितिहरुले तयारीलाई तीब्रता दिएका छन् । 'तमु जाति, भाषा र संस्कृतिः हाम्रो पहिचान, राष्ट्रको सम्पति' नाराका साथ दुई दिन पोखरामा हुने दोस्रो राष्ट्रिय सम्मेलनको पहिलो दिन भदौ २८ गते बिहान ११ बजे मानवअधिकारचोक चिप्लेढुंगाबाट मौलिक भेषभुषा, झाँकीसहित बृहत ऱ्यालीसहित पोखरा सभागृहमा पुगी समुदघाटन समारोहमा परिणत हुने कार्यक्रम रहेको छ । सम्मेलनको पूर्व प्रधानमन्त्री एवम् नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले उद्धाटन एवम् सम्बोधन गर्ने कार्यक्रम रहेको छ। कार्यक्रममा लामो समय तमु समुदायका लागि योगदान पुऱ्याएकोमा तमु अगुवा कर्म तमु, गोर्खा आन्दोलनको जिउँदो ईतिहास पदमबहादुर गुरुङ, पोखराका पूर्व उपमेयर क्या.मानबहादुर गुरुङलाई सम्मान गरिने कार्यक्रम रहेको छ । यस्तै, तमु समुदायको आदिकवि स्व. हर्कबहादुर गुरुङलाई तमु भाषा, साहित्य र जनचेतना अभिवृद्धिमा योगदान वापत मृत्यु पर्यन्त सम्मान गरिने संयोजक गुरुङले जानकारी दिए । सम्मेलनमा ५० जिल्ला र १६ वटा तमु संघ संस्थाबाट ६५० प्रतिनिधीहरुको सहभागिता रहनेछ भने सम्मेलन सम्पन्न गर्न करिब ३० लाख खर्च लाग्ने अनुमान गरिएको छ । दोस्रो सम्मेलन पनि पोखरामै हुन लागेको हो ।

यसअघि, २०६३ असार २४ गते पोखरामा आयोजित ऐतिहासिक प्रथम राष्ट्रिय भेलाले तमु (गुरुङ) हरुको सशक्त, जुझारू संगठनको आवश्यकता महसुस गरी नेपाल लोकतान्त्रिक तमु संघको २०६३ मंसिर २७ र २८ गते पोखरामा प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनले किरण गुरुङको अध्यक्षतामा केन्द्रिय समिति गठन गरी ४० वटा जिल्लाहरुमा जिल्ला समिति गठन गरी क्रियाशिल रहँदै आएको छ ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशमा जडिवुटि उद्योग स्थापना गर्न व्यवसायीलाई मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौं**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशका जडिवुटिको प्रशोधन गर्ने उद्योग स्थापना गर्न व्यवसायीहरुलाई आग्रह गर्नु भएको छ।

नेपाल आयुर्वेद औषधि व्यवसायी संघ गण्डकीको शनिबार पोखरामा सम्पन्न भएको बार्षिक साधारण सभा तथा दोश्रो अधिवेसनको उद्घाटन गदै मन्त्री बरालले गण्डकी प्रदेशमा जडिवुटिको अथाह सम्भावना भएकोले जडिवुटि प्रशोधन गर्ने उद्योग प्रदेशमा स्थापना गर्न व्यवसायीहरुलाई आग्रह गर्नु भएको हो।




मन्त्री बरालले व्यवसायीहरुलाई भन्नु भयो " अब तपाईहरुले आयात गरिएको औधषिहरु मात्र बिक्री गर्न पसल मात्र खोल्ने होइन, आफ्नो क्षेत्रमा भएका जडिवुटिको उचित ढंगले सदुपयोग गरी आफ्नै गाँउ ठाँउमा उद्योग स्थापना गर्नुपर्छ जसले हाम्रो अर्थतन्त्रलाई सहयोग पुर्याउनेछ।" नेपाली संस्कारमा प्रयोग हुने कुसको महत्व धैरै भएको बताउदै मन्त्री बरालले कुसको बिषयमा अध्ययन गर्न विज्ञ टोलीको प्रदेश सरकारलाई खाँचो भएको उल्लेख गर्नुभयो।

व्यवसायीहरुले गुणस्तर, मुल्यमा एकरुपता, कर मैत्रि वातावरण बनाउन मन्त्री समक्ष माग गरेसंगै मन्त्री बरालले संघीय सरकारका कारण आफुहरुले चाहेर पनि कर स्थानिय र प्रदेशमा संकलन गर्न नसक्ने अबस्था रहेको बताउनु भयो। औषधिको मुल्य र गुणस्तरिय बस्तुको नियमनमा अब राज्यको ध्यान जाने उहाँले बताउनु भयो। मानव स्वास्थ्य माथि कसैले खेलवाड गरे उनीहरु माथी कार्रवाही हुने मन्त्री बरालले चेतावनी दिनु भयो। संघका केन्द्रिय अध्यक्ष जंगराज गिरीले व्यवसायीहरुले सदस्यता नविकरण गर्न अझै काठमाडौं जानुपर्ने जसका कारण एक हजारको कर तिर्न ३० हजारसम्म खर्च हुने गरेको गुनासो गर्नु भयो।

संघका निवर्तमान अध्यक्ष लोकेन्द्र चापागाईले नेपालमा जडिवुटिमा धेरै सम्भावना भएको दाबी गर्नु भयो। संघ गण्डकीका अध्यक्ष राजु पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संघ नवलपुरका अध्यक्ष गणेश आचार्य, संघ गण्डकीका सहसचिब बिष्णा शर्मा चापागाई लगायतले बोल्नु भएको थियो।

# क्लबस्तरीय भलिबलमा एपिएफ उपाधि नजिक, आइतबार फाइनल हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौं**

सशत्र प्रहरी बल (४ नम्बर बाहिनी) मालेपाटनको टोली पोखरा भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा पोखरा महानगरपालिका ३ नदीपुरमा जारी क्लबस्तरीय पुरुष भलिबलको फाइनलमा प्रवेश गरेको छ।

छन्त्याल समाजको खेल मैदानमा शनिबार भएको सेमिफाइन खेलमा जिएम समाज कावासोतीलाई २५-२३, १९-२५, २५-२३, २३-२५ र १७-१५ को सोझो सेटमा पराजित गर्दै उपाधि नजिक पुगेको हो। अब एपिएफले उपाधिका लागि मामा भान्जा क्लब र गलकोट क्लबबीचको विजेता टोलीसँग आइतबार प्रतिस्पर्धा गर्ने क्लबका सचिव नवीन छन्त्यालले बताए। उनका अनुसार बाँकी रहेको मामा भान्जा क्लब र गलकोट क्लबबीचको सेमिफाइनल खेल आइतबार बिहान ८ बजे सञ्चालन हुनेछ। यसैगरि महिलातर्फ अर्चलबोट क्लब र एसियन सुज फाइनल प्रवेश गरेको क्लबका



अध्यक्ष कुल प्रसाद छन्त्याल (कुशल) ले जानकारी दिए। उनका अनुसार अर्चलबोटले लामाचौर समाजलाई १८-२५, २५-१८, २५-१७ र २५-२१ को सोटमा पराजित गर्दै फाइनलको यात्रा तय गरेको हो। त्यसैगरि एसियन सुजले हैदागा तनहुँलाई २५-१६, २५-१० र २५-१९ को सोझो सेटमा हराउँदै फाइनलमा अर्चलबोटसँगको भेट पक्का गर्यो। आइतबार बिहान ११ बजे महिला तर्फको फाइनल खेल सञ्चालन गरिने कार्यक्रम संयोजक मनोज खड्काले जानकारी दिए। उनका अनुसार पुरुष तर्फको फाइनल खेल दिउँसो १ बजे हुनेछ। प्रतियोगिताको विजेता टिमलाई १ लाखसहित शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिनेछ भने उपविजेता टोलीले ६० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछ।

यसैगरि महिलातर्फ प्रथम र द्धितिय हुने समुहले क्रमशः ४० हजार, २५ हजार र शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, उदीयमान खेलाडी, डिफेन्डर, सेटर र सर्भर घोषित हुने खेलाडीलाईसमेत नगद पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# कोन सामुदायिक बचत तथा ऋण सहकारीको २४ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौं**

पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को २४ औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भयो।

साधारण सभाको उद्घाटन गर्दै वडा नं १३ का वडा अध्यक्ष किरण वरालले सहकारीलाइ जनतामाझ घुलमिल गराउनको लागि प्रदेश सरकारको सहयोग जरुरी रहेको भने। कोन सहकारीमा महिला सदस्य बढि भएकै कारण सहकारी राम्रो भएको प्रशंसा गरे अध्यक्ष वरालले। वडा १३ सदैव कोन सँग सहकार्य गरेर अगाडि बढ्न तत्पर रहेको अध्यक्ष वरालले भने। कोन सामुदायिक बचत तथा ऋण सहकारीका निर्वतमान अध्यक्ष तथा मानार्थ संरक्षक शरदकान्त सिग्देलले अधिवेशनवाट सदस्यहरुलाइ आफ्नो जिज्ञासा राख्न सजिलो वातवरण हुने भने। शेयर सदस्यहरुको सक्रियता सहभागिताले सहकारीको योजना अगाडि बढाउन सजिलो हुने मानार्थ संरक्षक सिग्देलले वताए।




कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तिर्थवहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा संचालक समितिका सचिव शान्त कुमार श्रेष्ठ, कोषाध्यक्ष जय प्रसाद सापकोटा, सहकारीका लेखा सुपरिवेक्षण समितिका संयोजक ज्ञानेन्द्र प्रसाद सिग्देल, सल्लाहकारको तर्फवाट अनुज सिग्देल, सहकारीका महाप्रवन्धक सुजता हमाल, शेयर सदस्यको तर्फवाट डिल्ली प्रसाद शर्मा, महिला शेयर सदस्यको तर्फवाट शावित्री पौडेल वराल लगायत वोलेको कार्यक्रममा सहकारीका उपाध्यक्ष माधवप्रसाद सिग्देलले स्वागत र सचिव शान्तकुमार श्रेष्ठले संचालन गरेका थिए। सो कार्यक्रममा सहकारीका सात सिद्धान्त संचालक समितिका सदस्य जसुदा गुरुङले वाचन गरेकी थिइन।

# पाडी-बाच्छी हुर्काउने किसानलाई दश हजार

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौं**

कास्की जिल्लालाई दूधमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ यहाँका नौवटा दुग्ध सहकारीलाई प्रोत्साहन रकम वितरण गरिएको छ।

उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमअन्तर्गत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कास्कीका नौवटा दुग्ध सहकारीलाई प्रोत्साहन कार्यक्रमअन्तर्गत रु ४४ लाख ४६ हजार वितरण गरिएको हो। पन्ध्र सहकारीले आवेदन दिएकामा नौवटा दुग्ध सहकारी छनोटमा परेको केन्द्रका प्रमुख केदार पाण्डेले जानकारी दिनुभयो। नौवटा सहकारीले उत्पादन गरेको १७ लाख ७८ हजार लिटर दूधमा प्रतिलिटर दुई रुपैयाँ ५० पैसाका दरले रु ४४ लाख ४६ हजार वितरण गरिएको उहाँको भनाइ थियो। त्यसैगरी आर्थिक वर्ष ०७८/७९ मा पाडी-बाच्छी हुर्काउन प्रोत्साहन सहयोग कार्यक्रमअन्तर्गत जिल्लामा रु ४१ लाख वितरण गरिएको उक्त कार्यालयले जनाएको छ। पोखराको ३३ नं वडा र कास्कीको अन्नपूर्ण गाउँपालिकालाई लक्षित गरी कृत्रिम गर्भाधानबाट जन्मिएका उन्नत पाडी-बाच्छी हुर्काउने तीन सय ५५ किसानका चार सय १० वटा पाडी-बाच्छीलाई रु १० हजारका दरले रु ४१ लाख प्रोत्साहन सहयोग रकम प्रदान गरिएको उक्त कार्यालयका अधिकृत सहदेव पौडेलले बताउनुभयो।

पाडी-बाच्छीका लागि पाँच सय किसानले आवेदन दिएकामा तीन सय ५५ किसान छनोटमा परेका थिए। साना व्यावसायिक फार्म स्थापना तथा विस्तारका लागि उक्त कार्यालयले विभिन्न ६४ बाख्रा फार्मलाई ११ लाख सहयोग गरेको र वार्षिक रु ४३ लाख पुर्याउने लक्ष्य राखिएको बताइएको छ।

**गर्मी एवं वर्षात्‌को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,
✦ झुल लगाएर सुत्ने,
✦ पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
✦ शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
✦ घरको झ्याल तथा ढोकामा जाली राख्ने,
✦ घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
✦ ढल, नाला खुल्ला नराख्ने,
✦ पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
✦ सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्न,
✦ मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विपीको विदेश नीति सन्तुलित भएकामा चर्चा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौं**

सय नवौं विपी जयन्तीका अबसरमा नेपाल लेखक सङ्घ कास्की शाखाद्वारा पोखरामा आयोजित 'कूटनीति र विदेश मामिलामा विपी' विषयक विचार गोष्ठीमा विपीको विदेश नीति सन्तुलित भएकामा जोड दिइएको छ।

विपीले अघि सार्नुभएको विचार वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक र अनुकरणीय भएकमा चर्चा गर्दै कार्यक्रमका वक्ताले विदेश नीतिमा सन्तुलन, दूरदर्शिता आदिले उहाँको महानतालाई दर्शाउने बताउनुभयो। प्रस्तुत विषयमा कार्यपत्र प्रस्तुत गर्दै सह-प्राध्यापक भीमनाथ बरालले विपीबाहेक कुनै पनि नेतृत्वले विदेश नीति निर्माण र कार्यान्वयनमा सन्तुलन कायम गर्न नसकेको चर्चा गर्नुभयो। विपीपछि नेपालका नेतृत्वले छिमेकी देश र अन्तर्राष्ट्रिय समुदायमा नेपालको हस्तक्षेपकारी उपस्थिति र प्रस्ट धारणा बनाउन नसक्दा विदेश नीति कमजोर बन्दै गएको उहाँले बताउनुभयो। अन्तर्राष्ट्रियस्तरका छिमेकी ठूला राष्ट्रका नेहरू, चाउएन, माओलगायत नेतासँग स्पष्ट अडान राख्न सक्ने विपीको व्यक्तित्व नेपालजस्तो सानो मुलुकका लागि असाधारण विषय रहेको सहप्राध्यापक बरालले उल्लेख गर्नुभयो। आन्दोलन, निर्वासनका साथै सत्तामा रहँदा पनि विपीले नेपालको विदेश नीतिलाई हस्तक्षेपकारी ढङ्गबाट अघि बढाएको उहाँले बताउनुभयो। सहप्राध्यापक पद्मशरण रेग्मीले विपीको व्यक्तित्वले समकालीन राजनीतिमा नेपालको उचाइ बढाएको बताउनुभयो। उहाँले राजनीतिसँगै समाजका विभिन्न क्षेत्रमा विपीले विशिष्ट योगदान पुऱ्याउनुभएको थियो भन्नुभयो। विश्लेषक विश्व सिग्देलले विपीका राजनीतिक गतिविधिलाई सम्पूर्ण नेपालीले अनुशरण गर्नुपर्नेमा बेवास्ता गरिएकामा दुःख व्यक्त गर्नुभयो। विपी र उहाँका समकालीन साहित्यकारले लेखेका कृतिहरूको ओज आजका लेखकहरूले कायम गर्न नसकेको उल्लेख गर्दै उहाँले लेखकहरूले साधना र स्तरलाई ध्यान दिनुपर्ने धारणा व्यक्तगर्नुभयो।

नेपाली कांग्रेस जिल्ला सभापति किशोरदत्त बराल, कांग्रेस नेत्री सरस्वती गुरुङ, नेपाली लेखक सङ्घका जिल्लाअध्यक्ष सञ्जीव पौडेल, उपाध्यक्ष रीता अधिकारी, सचिव कमल पौडेल 'अथक' लगायतले विपीका विचारसँगै उहाँको वैदेशिक नीतिलाई अवलम्बन गर्न नसक्दा नेपालको अन्तर्राष्ट्रियस्तरमा उपस्थिति कमजोर बन्दै गएकामा चिन्ता व्यक्त गर्नुभयो।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

**सम्पादकीय**

# भारतको हेपाह प्रवृत्ति

भारतले चामलमा निर्यात कर बढाएको छ भने कनिका निर्यात रोकेको छ। बासमती र उसिना बाहेक अन्य चामलमा भदौ २४ गतदेखि कर लगाएको छाभारतले चामलमा कर लगाउनु नेपालमा महंगो बनाउने खेल होंनेपालमा भारतबाट करीब ८० प्रतिशत धान, चामल र कनिका आयात हुन्छन्। भारतले कर लगाउँदा नेपाली उद्योग समस्यामा पर्छन। सबै कुरामा भारतमै निर्भर भएकाले खाद्यान्नमा रोक लगाउँदै जाँदा नेपाली उद्योगमा ताला लगाउनुपर्ने अवस्था आउन सक्छा भारतले १५० भन्दा बढी देशमा चामल निर्यात गर्दै आएको छ।

भारतको यस निर्णयले नेपाली खाद्यान्न उद्योग समस्यामा पर्ने वीरगञ्जका व्यवसायीले जनाएका छन्। भारतबाट उपभोग्य सामान आयात हुने वीरगञ्ज मुख्य नाका हो। वीरगञ्ज उद्योग वाणिज्य संघले पनि विज्ञप्ति जारी गरी केही समयअघि भारतले गहुँ निर्यातमा रोक लगाएको र अहिले धान, चामल निर्यातमा २० प्रतिशत कर लगाउँदा नेपाली खाद्यान्न उद्योगी झन् समस्यामा परेको जनाएका छन। भारतसंग परनिर्भर हुँदा यस्ता समस्या बढ्दै जानेछन्।

कनिका निर्यातमा भारतले लगाएको प्रतिबन्धले नेपाली उद्योगी, व्यवसायी मारमा पर्नेछन्। नेपालको लागि धान शून्य भन्सार शुल्कमा निर्यात गर्न भारत सरकार समक्ष यथाशीघ्र पहल गर्नुपर्छ। यतीले उत्पादन गर्दै आएको सबै ब्रान्डमा कनिका प्रयोग नगरेको असर प्रकट भएको छ। भारतबाट नेपालमा वार्षिक ५० अर्बको धान, चामल र कनिका आयात हुँदै आएको छ। भन्सार विभागको तथ्याङ्कअनुसार, गतवर्ष भने ४७ अर्ब ५७ करोड ३६ लाख ८३ हजार रुपैयाँको आयात भएको थियो। जसमध्ये १६ अर्ब ९९ करोड सात लाख २६ हजारको धान, २ ९ अर्ब चार करोड ६४ लाख ६१ हजारको चामल र एक अर्ब ५३ करोड ६४ लाख ९५ हजारको कनिका रहेको थियो।

नेपालमा १५ लाख चार हजार ४८८.४२ हेक्टर क्षेत्रफलमा धान रोपाई हुने गरेको कृषि मन्त्रालयले जनाएको छ। नेपालमा उत्पादन हुने धानले करीब ६ महीनासम्म पुग्ने गरेको छा तर, चालु आर्थिक वर्षमा नेपालमा पनि मनसुन ब्रेक भएका कारणले गत वर्षको तुलनामा कम रोपाइँ भएको छ। जसले गर्दा नेपालमा धान उत्पादन घट्ने आकलन गरिएको छ। यो समस्या सुल्झाउन प्रधानमन्त्रीले नै पहल गर्नुपर्ने चामल, तेल, दाल उध्योक वाणिज्य संघको सहमतिमा टुंगोमा बताउँछन्। 'प्रधानमन्त्रीले नै यसमा पहल लिनुपर्छ,' उनी भन्छन्, 'यससँगै अब नेपालमा पनि कृषि उत्पादन बढाउने उपाय खोज्नुपर्छ।'


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# मिलीजुली विजयपुर तमु समाजको अध्यक्षमा पुनः मानकाजी

पोखरापत्र संवाददाता

पोखरा, २५ भदौ



पोखरा महानगरपालिका वडा न १३ जयगंगा मार्ग स्थित मिलीजुली विजयपुर तमु समाजको २८ औं वार्षिक साधारण सभा एवं ९ औं अधिवेशनले पुनः इन्सपेक्टर मानकाजी गुरुङलाइ अध्यक्षमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले वरिष्ठ उपाध्यक्षमा नासु खड्क वहादुर गुरुङ, उपाध्यक्षमा बालकुमारी गुरुङ, सचिवमा चिनवहादुर गुरुङ, कोषाध्यक्षमा यर वहादुर गुरुङ, सह सचिवमा ई.सुब्बा गुरुङ, सह कोषाध्यक्षमा शाहवीर गुरुङलाइ चयन गरेको हो। त्यसैगरी सदस्यहरुमा क्रमश लोक वहादुर गुरुङ(क), तीलकुमारी गुरुङ, चित्रकुमारी गुरुङ र हुमादेवी गुरुङ रहेका छन्। सो समाजमा १० जना सल्लाहकार चयन भएका छन्। सोही दिन मिलीजुली विजयपुर तमु समाज महिला समूहमा बालकुमारी गुरुङको अध्यक्षमा १५ जनाको समिति बनेको छ। युवा समितिको संयोजकमा लोकवहादुर गुरुङ(क) रहने गरी १३ सदस्यीय समिति बनेको छ। अधिवेशनको निर्वाचन मण्डलको संयोजकमा अधिवक्ता जुनाकुमारी गुरुङ, सदस्यद्धयमा धनवहादुर गुरुङ र खिमवहादुर गुरुङ रहेका थिए। वडा नं १३ की वडा सदस्य सुचिता तामाङले अधिवेशनको उद्घाटन गर्दै सकारात्मक सोच लिएर अगाडि बढेमा समाज परिवर्तनमा ठूलो सहयोग पुग्ने भनिन्।

मिलीजुली विजयपुर तमु समाजका अध्यक्ष इन्सपेक्टर मानकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा वडा १३ की वडा सदस्य रजनी परियार, समाजका सह सचिव ई. सुब्बा गुरुङ, बाँभापाटन तमु समाजका अध्यक्ष नासु कृष्णवहादुर गुरुङ, जुरे भुमी तप्रे तमु समाजका उपाध्यक्ष नासु टेकवहादुर गुरुङ, महिला समितिका अध्यक्ष बालकुमारी गुरुङ, समाजका कोषाध्यक्ष यरवहादुर गुरुङ र सचिव चिनवहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा समाजका उपाध्यक्ष नासु खड्कवहादुर गुरुङले स्वागत गरेका थिए।

# भारत साफ च्याम्पियनसिपको सेमिफाइनमा

रासस

काठमाडौं, २५ भदौ

महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगितामा साविक विजेता भारतले माल्दिभ्सलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शनिबार भएको खेलमा भारतले माल्दिभ्सलाई ९-० गोलअन्तरले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो। समूह 'ए' मा रहेको भारतको यो लगातार दोस्रो जीत हो। भारतले यसअघि भएको पहिलो खेलमा पाकिस्तानलाई पराजित गरेको थियो। सोही समूहबाट बङ्गलादेश पनि सेमिफाइनलमा पुगेको छ। यस समूहबाट माल्दिभ्स र पाकिस्तान भने एक खेल अगावै प्रतियोगिताबाट बाहिरिएका छन्।

भारतको जीतमा अन्जु तामाङले ह्याट्रिकसहित ४ गोल गरिन्। डाङमेई ग्रेसले थप दुई गोल गरिन् भने प्रियंका देवी, काशिमना र सौम्या गुगुलोथले एक एक गोल थपे। खेलको २४औं मिनेटमा अन्जुले गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाइन। खेलको ४२ औं मिनेटमा प्रियंकाले गोल गर्दै भारतलाई २-० को अग्रता दिलाइन्। यसैगरी खेलको पहिलो हाफको अतिरिक्त समयमा अन्जुले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई ३-० को अग्रता दिलाइन्। खेलको ५३ औं मिनेटमा ग्रेसले गोल गर्दै भारतले ४-० को अग्रता बनायो। खेलको ५५ औं मिनेटमा सौम्याले गोल गर्दै भारतलाई ५-० को अग्रता दिलाइन्। खेलको ८४ औं मिनेटमा काशिमनाले गोल गर्दा भारतको अग्रता ६-० को बन्यो। खेलको ८५ औं मिनेटमा अन्जुले व्यक्तिगत तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरिन्। खेलको ८७ औं मिनेटमा ग्रेसले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई ८-० को अग्रता दिलाइन्। त्यसपछि खेलको ८८औं मिनेटमा अन्जुले व्यक्तिगत चौँथो गोल गर्दै भारतलाई ९-० को जीत दिलाइन्। अब समूह चरणको अन्तिम खेलमा भारत र बङ्गलादेश भिड्ने छन्। सोही खेलबाट समूह विजेता र उपविजेताको टुङ्गो लाग्नेछ।

# सडक बत्ती र लिफ्टिङ खानेपानी महसुलमा ५० प्रतिशत अनुदान

रासस

तनहुँ, २५ भदौ

व्यास नगरपालिकाले सडक बत्ती र लिफ्टिङ खानेपानी महसुलमा ५० प्रतिशत अनुदान दिने भएको छ।

व्यास नगरपालिकाअन्तर्गत टोल विकास संस्थाबाट सञ्चालित लिफ्टिङ खानेपानी र सडक बत्तीको विद्युत् महसुलमा अनुदान दिने निर्णय भएको हो। नगरपालिकाले सम्बन्धित टोल विकास संस्थालाई अनुदान निर्णय गरेको व्यासका सूचना प्रविधिक अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो। पत्रकार महासङ्घ तनहुँको सिफारिसका आधारमा यसअघि गरिएको पत्रकार स्वास्थ्य बीमालाई निरन्तरता दिने निर्णय पनि भएको छ। नगरपालिकाले गत वर्ष प्रतिव्यक्ति रु दश लाख बराबरको बीमा गरिदिएको थियो। नगरपालिकाको मुख्य बजार क्षेत्र वडा नं १, २, ३, ४ का विद्युत् लाइन र दूरसञ्चार सेवा प्रदायक संस्थाका तारलाई भूमिगत गर्न नेपाल विद्युत् प्राधिकरण र सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरिएको छ। आर्थिक ऐन, २०७९/०८० को व्यवस्थाअनुसार भवन निर्माण कन्सल्टेन्सीमा लाग्ने दस्तुर कार्यान्वयन नगर्ने निर्णय पनि नगरपालिकाले गरेको छ। नगरपालिकाभित्रका शैक्षिक बेरोजगार र वैदेशिक रोजगारबाट फर्किएका युवा व्यवसायीलाई अनुदान दिने प्रक्रिया अघि बढाउने भएको छ।

# पोखरा-९ शान्ति दर्शन टोल विकासमा उत्तम जोशी

पोखरापत्र संवाददाता

पोखरा, २५ भदौ



पोखरा-९ शान्ति दर्शन टोल विकास संस्थाको १०औं साधारण सभा तथा ५औं अधिवेशनले पुनः उत्तम जोशीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ।

संस्थाका अध्यक्ष उत्तम जोशीको अध्यक्षतामा शनिबार उक्त कार्यक्रम सम्पन्न भएको थियो। वडा नं.९ का अध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आथित्यतामा भएको कार्यक्रममा वडा सदस्य सिता चर्माकार तथा लक्ष्मी पहारी र वडाका सचिव कुलराज पौडेलको उपस्थिती रहेको थियो। सो अवसरमा वडा अध्यक्ष मर्सानीले जनप्रतिनिधिहरु सफल हुने नहुनेमा टोल विकास संस्थाहरुको योजनाको माग, चासो, क्रियाशिलता र खबरदारीले महत्वपूर्ण भूमिका खेल्ने हुनाले त्यही रुपमा टोल विकास संस्थाहरुसँग सहकार्य गरी आफू सफल बन्न चाहेको बताए। उक्त अधिवेशनमा निर्वाचन संयोजक डा. दिलबहादुर क्षेत्री, सदस्य डा. ज्ञानबहादुर कार्की र पदमा शेरचन रहेका थिए। टोल विकास संस्थाको कार्यसमिति उपाध्यक्षमा दिलमाया गुरुङ, सचिवमा सोमबहादुर नेपाली, कोषाध्यक्षमा गञ्जमान गुरुङ, सहसचिवमा क्या. शिव बहादुर खत्री रहेका छन्।

यसैगरी सदस्यहरुमा शिव जि.सी., त्रिलोचन तिवारी, प्रताव घले, धनकुमारी क्षेत्री, बाबुराम श्रेष्ठ लगायत क्षेत्रगत तथा लैङ्गिक समावेसिता हुने गरी नवगठित कार्य समितिको बैठकले थप मनोनित गर्ने गरी १३ सदस्यीय कार्य समिति गठन गरेको छ। उक्त कार्यक्रमको संचालन संस्थाका सचिव यामकुमार थापाले गरेका थिए।

# कलम सहकारीको साधारण सभा

पोखरापत्र संवाददाता

पोखरा, २५ भदौ




पोखरा ९ पालिखेचोकमा रहेको कलम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं साधारण सभा सम्पन्न भएको छ।

साधारण सभामा वोल्दै प्रमुख अतिथि कास्की वचत तथा ऋण सहकारी संघका अध्यक्ष भेषराज बरालले पुस्तक तथा स्टेशनरी व्यवसायीहरुको सक्रियतामा खोलिएको यस कलम सहकारी मार्फत कारोवार गरेर व्यवसायी साथीहरुलाई अझ वढी आफ्नो व्यवसाय वढाउन आग्रह गरे।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रवन्धक नरेश पाण्डेले सहकारीहरुले उत्पादन मुलक क्षेत्रमा पनि लगानी गर्न आग्रह गरे। कार्यक्रममा जिल्ला सहकारी संघकी सदस्य चन्द्रा पराजुली कलम सहकारीका पुर्व अध्यक्ष तथा सल्लाहकार ऋषिराम शर्मा भण्डारी सहकारीका संस्थापक अध्यक्ष प्रेम वहादुर श्रेष्ठ नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीका अध्यक्ष बैकुण्ठ प्रसाद पौडेल पत्रकार महासंघकी केन्द्रिय सदस्य सरिता तिमल्सेना पंगेनी शेयर सदस्य शकर ज्ञवाली श्रीपती कोइरला गुठीका सचिव नवराज कोइरला लगाएतले बोलेका थिए।

सहकारीका उपाध्यक्ष मनोहरि सापकोटाले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रममा सहकारीका सह सचिव शिवराज वास्तोलाले सहकारीका सात सिद्दान्त पढेर सुनाएका थिए। कार्यक्रममा सहकारीका कर्मचारीहरु अर्जुन तिवारी र कल्पना पौडेललाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरीएको थियो। त्यसै गरी उत्कृष्ट कारोवार गरे वापत शेयर सदस्य कविन्द्र पोखरेल, उत्कृष्ट बचतकर्ता बसन्त प्रसाद कोइरला, असल कारोबारमा अनिल बडगामीलाई सम्मान गरीएको थियो। कार्यक्रममा शेयर सदस्यका छोरा छोरीहरु मध्य प्लस टु मा उत्कृष्ट अंक ल्याउने अशिम सापकोटा र निशा नापित तथा स्नातकमा सुस्मीता वास्तोला र प्रदिप भण्डारी तथा मास्टरमा उत्कृष्ट अंक ल्याउने भावना तिमल्सेनालाई समेत सम्मान गरीएको थियो। सहकारीका अध्यक्ष अर्जुन पोखरेलको अध्यक्षतामा भएको उक्त कार्यक्रम सहकारीका सचिव राजेन्द्र घिमिरेले सन्चालन गरेका थिए।

# उत्पादन बढ्दा बागलुङ माछा, मासु र दूधमा आत्मनिर्भर

रासस

बागलुङ, २५ भदौ

व्यावसायिक किसानको सङ्ख्या बढेसँगै बागलुङ माछा, मासु र दूधमा आत्मनिर्भर भएको छ। जिल्लामा पछिल्लो केही वर्ष यता व्यावसायिक पशुपालन तथा माछापालनमा किसान आकर्षित भएका छन्।

जिल्लाभर वार्षिक एक करोड ५५ लाख ९९ हजार दुई सय तीन लिटर दूध उत्पादन हुने गरेको हो। विश्व खाद्य सङ्गठनको मापदण्डअनुसार एक जना व्यक्तिका लागि वार्षिक ९१ लिटर दूध आवश्यकता हुन्छ। एक लाख ६८ हजार सात सय १३ जनसङ्ख्या रहेको जिल्लामा वार्षिकएक करोड ५३ लाख ५२ हजार आठ सय ८३ लिटर दूध भए पुग्छ। आवश्यकताभन्दा प्रतिव्यक्ति वार्षिक एक दशमलव ४६ लिटर दूध बढी उत्पादन भइरहेको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख चिकित्सक ऋषिराम सापकोटाले बताउनुभयो।

व्यावसायिक किसानलाई स्थानीय सरकारले सहयोग गर्ने र सङ्घीय तथा प्रदेश सरकारका किसान लक्षित कार्यक्रमसमेत व्यावसायिक किसानसँगै पुग्ने भएकाले माछा, मासु र दूधको उत्पादन बढेको हो। उत्पादन बढेसँगै जिल्ला कृषिजन्य तीन उत्पादनमा जिल्ला आत्मनिर्भर भएको हो। आवश्यकताभन्दा बढी उत्पादन भइरहेको दूध छिमेकी जिल्लामा निर्यात हुने गरेको छ। जिल्लाको दक्षिण क्षेत्रबाट छिमेकी जिल्ला पर्वत र पश्चिम क्षेत्रबाट छिमेकी गुल्मीमा दूध निर्यात हुने गरेको तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङले राखेको छ। केही साना बजारमा छिमेकी जिल्लाबाट आयातसमेत हुने गरेको छ। "केही वर्ष पहिलासम्म पोखराबाट दूध ल्याएर बेचिन्थ्यो तर अहिले किसानको घरबाट सिधै दूध हाम्रो डेरी पसलमा आउँछ", मिलन दूध डेरी बागलुङका सञ्चालक हिरादेवी शर्माले भन्नुभयो, "पहिलाजस्तो बाहिरबाट ल्याउनुपर्ने अवस्था छैन्।" जिल्लाभर ८६ हजार नौ सय २० भैँसी र २१ हजार छ सय ६० गाईपालन भइरहेको तथ्याङ्क केन्द्रसँग छ। यीमध्ये अधिकांश दूध उत्पादन गर्न योग्य छन्। व्यावसायिक र घरायसी प्रयोजनालमई पालिएका पशुचौपायको समय तथ्याङ्क निकालेर केन्द्रले दूधको उत्पादन मूल्याङ्कन गर्ने गरेको सापकोटाले बताउनुभयो।

भैंसीपालन गर्ने किसानले मासुका लागि राँगासमेत हुर्काउने गरेका र मासुको उत्पादनमा समेत सहयोग पुग्ने गरेको छ। ग्रामीण भेगसम्म सडकको सहज पहुँच, यातायातको सुविधा, उचित मूल्य, स्थानीय तहको उत्पादनमा आधारित अनुदान, घाँस पालको उपलब्धतालागायतले किसानलाई व्यावसायिक पशुपालनमा सहज बनाएको किसान बताउँछन्।

हाल बजारमा दूधको मूल्य थोकमा रु ७० देखि ९०तथा खुद्रा एक सयदेखि एक सय २० मा बिक्री हुँदै आएको छ। दुधालु गाईभैँसीले एकै बेतमा करिब रु एक लाख मूल्य बराबरको दूध दिने भएपछि अधिकांश वैदेशिक रोजगारीबाट फर्किएका युवाको पशुपालनमा आकर्षण छ। पछिल्लो समय दाना, चोकर र पारालगायत पशुपालनका लागि आवश्यक सामग्रीमा ठूला व्यवसायीको एकाधिकार, दूधको मूल्यमा सिन्डिकेटलगायतले अझै अपेक्षित मूल्य पाउन नसकेको किसानको गुनासो छ। त्यस्तै जिल्लाभर वार्षिक २५ लाख ५० हजार नौ सय ४० किलो माछामासु उत्पादन हुने गरेको छ। विश्व खाद्य सङ्गठनको मापदण्डअनुसार एक जना व्यक्तिका लागि वार्षिक १४ किलो माछामासु आवश्यकता हुन्छ। एक लाख ६८ हजार सात सय १३ जनसङ्ख्या रहेको जिल्लामा वार्षिक२३ लाख ६१ हजार नौ सय ८२ किलो माछामासु भए पुग्छ। आवश्यकताभन्दा प्रतिव्यक्ति वार्षिक एक दशमलव १२ किलो माछा मासु बढी उत्पादन भइरहेको विज्ञ केन्द्रका प्रमुख चिकित्सक सापकोटा बताउनुहुन्छ।

# पाल्पाली सहकारीको चौंथो वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्री चन्द्रबहादुर बुढाले सेयर पुँजी, निक्षेप संकलन, कर्जा प्रवाह अवस्था हेर्दा सहकारी ठिक ठाउँमा रहेको बताएका छन् । उनले खासगरी पाल्पा मूलघर भई पोखरामा बसेर पेसा व्यवसाय गर्नेले खोलेको सहकारीलाई कार्यक्षेत्र विस्तार र दायरा फराकिलो बनाउन सुझाव दिए ।

उनले प्रकृति मिल्दोजुल्दो सहकारीसँग मर्जमा जान सुझावसमेत दिए । 'सहकारी सेयर सदस्यको रोजगार प्रवर्द्धन, आत्मनिर्भर बनाउने सारथी बन्नु पर्छ,' मन्त्री बुढाले भने, 'समय सान्दर्भिक ब्याजदर कायम गरी वित्तीय अनुशासन कायम गर्नु पर्छ ।' उनले सेयर सदस्यलाई सहकारी शिक्षाबारे सुसूचित गर्नु आवश्यक भएको बताए । उनले सहकारीको पुँजी सहीठाउँमाप्रयोगभएनभएकोबारे मन्त्रालयले अनुगमन गर्ने उल्लेख गरे । पोखरा महानगरपालिका सहकारी विभागका दर्ता अधिकारी भरतराज पौडेलले व्यक्ति व्यक्तिको सहकार्यले मानव सभ्यताको विकास भएको बताए । उनले समाजको सबै क्षेत्रमा समन्वय र सहकार्यको विकास गर्न सहकारीको महत्व रहेको उल्लेख गरे । जिल्ला सहकारी संघ कास्कीका महासचिव दीपक बास्तोलाले सेयर पुँजी र निक्षेप संकलनलाई सन्तुलन कायम गर्न सुझाव दिए। उनले सेयर पुँजी अधिकतम भएकोले निक्षेप संकलनमा जोड दिन आग्रह गरे ।



सहकारीको चौंथो वार्षिक साधारण सभामा अध्यक्ष चिरञ्जीवी श्रेष्ठले आर्थिक वर्ष २०७८/०७९ सम्ममा सहकारीको कुल निक्षेप घटेको जानकारी दिए । सञ्चालक समितितर्फबाट अध्यक्ष चिरञ्जीवी श्रेष्ठले प्रस्तुत गरेको कार्य प्रगति र आगामी कार्ययोजना, कोषाध्यक्ष उमा सापकोटाले प्रस्तुत गरेको वार्षिक आयसहितको आर्थिक प्रतिवेदन र लेखा सुपरिपेक्षण समितिका संयोजक नारायणप्रसाद पौडेलले पेस गरेको लेखा समितिको प्रतिवेदन सभाले सुधारसहित पारित गरेको छ ।

कार्यक्रममा रेसुंगा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष भानुभक्त भण्डारी, भृकुटी बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष जयराम अधिकारी, पाल्पाली बहुउद्देश्यीय सहकारीका निवर्तमान अध्यक्ष कुलप्रसाद घिमिरे, सञ्चालक समिति उपाध्यक्ष बाबुराम खनाल, सचिव रेशमराज थापा, शिक्षा समिति संयोजक बालचन्द्र परियार लगायतले बोलेका थिए। कार्यक्रममा उत्कृष्ट सेयर सदस्य नन्दा श्रेष्ठलाई सम्मान गरिएको छ । त्यस्तै, सेयर सदस्यका छोराछोरीमध्ये

एसइई उत्तीर्ण वीरेन्द्र श्रेष्ठ, तिर्सना थापा, प्रसुनमान बुद्धाचार्य, आयुषमान कर्माचार्य, आयुष लम्साल, आदित्य अधिकारीलाई सम्मान गरिएको थियो भने सहकारीले आयोजना गरेका विभिन्न कार्यक्रमका संयोजकलाई मायाको चिनो प्रदान गरियो ।

# सिबिआरयसको २९ औं बार्षिक साभारण सभा तथा १३ औं अधिवेशन

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

समुदायमा आधारित पुनर्स्थापना सेवा (सिबिआरयस), नेपालको २९ औं बार्षिक साभारण सभा, सामाजिक परिक्षण तथा १३ औं अधिवेशन कार्यक्रम संस्थाका अध्यक्ष बिजयबहादुर प्रधानको सभापतित्व र पोखरा महानगरपालिका वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा महासचिव मोहनमुरारी खनालले आ.ब. २०६८/०७९ को बार्षिक प्रगति प्रतिबेदन, कोषाध्यक्ष आशाकुमारी गौतमले पेश गर्नु भएको आ.ब.२०७८ र ०७९ को आर्थिक आय र ब्ययको बिबरण, तथा आ.ब. २०७९ र ०८० को अनुमानित बजेट तथा कार्यक्रम र अध्यक्ष बिजयबहादुर प्रधानले पेश गर्नु भएको आ.ब. २०७९ र ०८० को नीति तथा कार्यक सर्बसम्मतबाट परित भएको छ । बरिष्ठ अधिबक्ता कृष्णबहादुरको सहजिकरणमा उक्त संस्थाको १३ औं अधिवेशन समेत अध्यक्ष चेत बहादुर गुरुङको नेतृत्वमा आगामी २ बर्षका लागि सर्बसम्मत बाट ९ सदस्यि कार्यसमिति चयन भएको छ र उक्त नव निर्वाचित समितिमा उपाध्यक्ष मोहनमुरारी खनाल, महासचिव पुरन कुवर, सचिव



झलक बहादुर राना, कोषाध्यक्ष आशा कुमारी गौतम, सदस्यहरु सरला दास, दिलिप कुमार शर्मा र गोमा प्रधान रहेका छन् ।

प्रमुख अतिथिको तर्फबाट बोल्दै दपिन्द्र मर्सानीले यस संस्थाले लामो समय देखि निसन्तर रुपमा अपाङ्गताको क्षेत्रमा कास्की, स्याजा र तनहू जिल्ला बिभिन ९ वडा पालिकाका ५५ वटावडाहरुमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा नेपालका अन्य बिभिन्न ठाउँहरुमा पनि पुगेर करिव २८२ ९ जना अपाङ्गता भएका ब्यति र परिवरलाई सेवा गरेको सुन्न पाउदा अत्यन्त खुसि लागेको र सिबिआरयसका यस्ता पवित्र र मानव सेवामुलक कार्यक्रमहरुमा आफ्नो सधै सहयोग र सद्भाव रहने र आफुले पनि पोखरा ९ नं वडामा सक्दो सहयोग गर्ने कुरा बताउनु भयो ।

सेवाग्रहीको तर्फबाट प्रकास बहादुर बिश्वकर्माले शुभकामना मन्तब्य दिनु भएको थियो, यसैगरी गै.स.स. महासंघ कास्कीका अध्यक्ष डा. बुद्धिबहादुर थापाले यसंस्थाले पिडित र सेवाबाट बञ्चिभएका ब्यक्तिहरुलाई सुशासन कायम राखेर निरन्तररुपामा २९ बर्षसम्म मानवय सेवा गररिहेकामा खुसि ब्यक्त गर्नु भयो र निर्वाचन कार्यमा सहजिकरण गर्नु भएका बरिष्ठ अधिबक्ता कृष्ण बहादुर थापाले यस पवित्र संस्थाको नयाँ कार्यसमितिको आगामी २ बर्षे कार्यकाल उपलब्धिमुलक र उदाहरणिय रहोस भन्ने शुभकामना दिनु भएको थियो। उक्त कार्यक्रम कार्यसमितिका सदस्य झलक बहादुर रानाले सञ्चालन गरेको यस कार्यक्रममा संबन्धित सेवा ग्राही तथा सरोकारवालाहरु बीच समाजिक परिक्षण समेत गरिएको थियो ।

# पश्चिमाञ्चल स्वास्थ्य सहकारी २० औं वर्षमा

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्थाको २० औं साधारण सभा सम्पन्न भएको छ ।

कास्कीको पहिलो स्वास्थ्य सहकारी मार्फत पोखरा पश्चिमाञ्चल सामुदायिक अस्पतालको संचालन सँगै बचत तथा ऋण कारोबार गदै आएको उपाध्यक्ष अर्जुन ज्ञवाली ले बताए ।

सो साधारण सभाको शुभारम्भ गदै गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयका उप सचिव उदय बहादुर पराजुलीले सहकारीको सम्पुर्ण जिम्मेवारी



शेयर सदस्यहरु मात्र रहेकोले कस्तो सहकारी बनाउने सदस्य स्वयम मा भर पर्ने बताए ।

नेपालमा सहकारीको भुमिका महत्व कम रहेता पनि विश्वका धैरै सम्पन्न देशहरुमा सहकारीको भुमिकाका कारण आर्थिक सम्पन्न देश भएको बताए ।

कार्यक्रममा सराङकोट बहुउद्देशीय सहकारीका अध्यक्ष कृष्ण वहादुर थापाले स्वास्थ्य सहकारी भएका कारण सम्पुर्ण सहकारीहरुलाई समेट्ने गरी सेवा मुलक कार्य गर्न सक्नुपर्ने बताए। राष्ट्रिय सहकारी बैक पोखराका प्रवन्धक नरेश पाण्डे ले परि स्थिती हेरी सहकारीले आफ्नो काम कारोबार गनुपर्ने बताए ।

सहकारीका अध्यक्ष हरि प्रसाद पाण्डे को सभापतित्वमा भएको कार्यक्रममा लेखापरिक्षक विष्णु प्रसाद बराल रेसुङ्ग बचत तथा ऋण सहकारीका अध्यक्ष भानु ढकाल, उपाध्यक्ष अर्जुन ज्ञवाली, सचिव मिलन श्रेष्ठ कोषाध्यक्ष कृष्ण बस्याल ,प्रवन्धक उषा गैरे लगायतले आ आफ्नो भनाई राखेका थिए । कार्यक्रममा संस्थागत, लेखा तथा भावी कार्यक्रम प्रतिवेदन पारित उत्कृष्ठ कारोबारी तर्फ बाबुराम पौडेल लाई सम्मान गरीएको थियो ।

# पोखरा -१५ को बृहत् सरसफाइ अभियान

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

पोखरा महानगरपालिका वडा नं -१५ को वडास्तरीय बृहत् सरसफाइ कार्यक्रमको दोस्रो शृंखला सम्पन्न भएको छ ।

'हाम्रो वडा, राम्रो वडा' भन्ने अभियानका साथ टुटुङ्गा बसपार्कबाट सुरु भएको सरसफाइ कार्यक्रम बन क्याम्पस, हरियाली मार्ग, नयाँ गाउँ घलेचोक हुँदै राम बजार कृष्ण मन्दिरमा पुगेर सम्पन्न भएको हो । सरसफाइ कार्यक्रमलाई शुभकामना दिँदै युवा पण्डित कमल नयन गौतमले सरसफाइ कार्यक्रमसँगै अन्य सचेतना मूलक कार्यक्रमहरू पनि जोड्दै लानुपर्ने बताए । उनले त्यस्ता कार्यक्रमले समाजमा सकारात्मक भाव जगाउने विचार व्यक्त गरे । सरसफाइ कार्यक्रमका संयोजक तथा पोखरा महानगरपालिका वडा नं -१५ का सदस्य आशिष भण्डारीले आजको हाम्रो



पुस्ताले वातावरणको सरसफाइ र संरक्षण गर्न सकेन भने त्यसको नकारात्मक असर भावी पुस्तामा पर्ने बताए । आज हामीले गरेका राम्रा कामको थालनीले वातावरण सफा र सुन्दर राख्नमा टेवा पुग्ने भन्दै उनले भविष्यमा आउने पुस्ताहरूका लागि पनि सिकाईका साथै वातावरण सफा राख्नुपर्दछ भन्ने दायित्व वोध गराउने विश्वास व्यक्त गरे । उनले सरसफाइ कार्यक्रम पोखरा -१५ को अभियान रहेको हुँदा यो अभियानलाई सार्थक बनाउन सम्पूर्ण टोलवासीहरूलाई आग्रह गरे । यस्तै, पोखरा -१५ का वडाध्यक्ष तोरण बहादुर बानियाँले आजको सरसफाइ कार्यक्रममा जुट्ने सबैलाई धन्यवाद दिए । उनले सरसफाइ कार्यक्रम निरन्तर रूपमा अगाडि बढ्ने भन्दै आगामी शृखलामा पनि वडावासीको सहभागिता रहने विश्वास व्यक्त गरे । आजको सरसफाइ कार्यक्रममा गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, सशस्त्र प्रहरी बल लामापाटन, टोल विकास संस्था, युवा क्लब तथा सामाजिक अभियन्तासहित पोखरा -१५ का ५ जना जनप्रतिनिधिको सहभागिता रहेको थियो ।

# विद्यार्थीको आकर्षण केन्द्र बन्दै आदिकवि भानुभक्त क्याम्पस

रासस
दमौली, २५ भदौ

तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पस शैक्षिक 'हब'को रुपमा विकास हुन थालेको छ ।

क्याम्पसमा अध्ययन गर्न विद्यार्थीको आकर्षण बढेसँगै यो क्याम्पस जिल्लाकै शैक्षिक केन्द्रको रुपमा विकास हुन थालेको हो । यहाँ सहरी तथा ग्रामीण क्षेत्रबाट पनि पठनपाठनका लागि विद्यार्थी आउने गरेका छन् । व्यास नगरपालिका, ऋषिङ गाउँपालिका, म्याग्दे गाउँपालिका, बन्दीपुर गाउँपालिकाका अतिरिक्त छिमेकी जिल्लाबाट पनि यहाँ पठनपाठनका लागि आउने विद्यार्थी आउने गरेका छन् ।

विसं २०४३ मा समुदायको सक्रियतामा क्याम्पस स्थापना भएको थियो । जुन बेला यही ठाउँमा निर्मल माध्यमिक विद्यालय मात्रै थियो । आफ्नै ठाउँमा क्याम्पस नहुँदा अन्यत्र गएर उच्च शिक्षा अध्ययन गर्नुपर्ने बाध्यता भएपछि स्थानीयवासीले क्याम्पस स्थापना गरेका थिए । क्याम्पस सञ्चालनको सुरुआतमा भवन नहुँदा लायन्स क्लबको ५० हजार अमेरिकी डलरको सहयोगमाभवननिर्माणगरिएको थियो । क्याम्पसमा व्यवस्थापन विषयमा कक्षा ११/१२, स्नातक तहमा बिबिएस र बिबिए र स्नातकोत्तर तहमा एमबिएस पढाइ हुँदै आइरहेको छ । हाल क्याम्पसमा करिब तीन हजार एक सय विद्यार्थी अध्ययनरत छन् । त्यसमध्ये ९० प्रतिशत विद्यार्थी ग्रामीण भेगका छन् भने १८ प्रतिशत विद्यार्थी दलित र ७० प्रतिशत विद्यार्थी विपन्न वर्गका छन् । क्याम्पसमा अध्ययनरत ८० प्रतिशत विद्यार्थी छात्रा रहेको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले बताउनुभयो । कक्षा ११ देखि स्नातकोत्तरसम्मको अध्ययनमा दलित, छात्रा र विपन्नलाई सहुलियत दिँदै आइएको छ । त्यस्तै शहीद परिवार र अपाङ्गता भएकालाई ७५ प्रतिशत छुटको व्यवस्था गरिएको छ। ३० छात्रालाई छात्रावासमै बसेर अध्ययन गर्ने व्यवस्था मिलाइएको छ ।

क्याम्पसले नर्सिङ, इन्जिनियरिङको पठनपाठन सुरु गर्ने लक्ष्य लिएको छ। त्यसका लागि भवन र थप जनशक्ति आवश्यक पर्ने क्याम्पस प्रमुख हड्खलेले बताउनुभयो । क्याम्पसको शैक्षिक विकासका लागि बीस वर्षे गुरुयोजना बनाइएको छ । क्याम्पसलाई मानक विश्वविद्यालयमा रुपान्तरण गर्ने लक्ष्य राखिएको छ । क्याम्पसमा हाल ६४ प्राध्यापक र १६ कर्मचारी कार्यरत छन् । विद्यार्थीको शुल्क क्याम्पसको मुख्य आम्दानी रहेको र क्याम्पस आर्थिक रुपमा आत्मनिर्भर बन्न सफल भएको क्याम्पस प्रमुख हड्खलेले बताउनुभयो । "सरकारी निकायको सहयोग शून्य रहे पनि विश्वविद्यालय अनुदान आयोगबाट भने केही रकम प्राप्त हुने गर्छ", उहाँले भन्नुभयो । क्याम्पसको कूल आम्दानीको ९० प्रतिशत तलबभत्तामा खर्च हुने गरेको छ । क्याम्पसले आर्थिक वर्ष २०७८/७९ मा रु सात करोड ९१ लाख १७ हजार आम्दानी गरेको थियो । सरकारी तवरबाट कुनै सहयोग नरहेको क्याम्पसमा प्राध्यापकको तलबमा मात्रै रु ३५ लाख खर्च हुने गरेको छ । चन्दा, दान र विद्यार्थीको शुल्कबाट प्राध्यापकलाई तलब खुवाउँदै आइएको छ । "गरिब तथा ग्रामीण भेगका विद्यार्थी अध्ययन गर्ने भएकाले निकै कम शुल्क मात्रै लिने गरेका छौं", हड्खलेले भन्नुभयो ।

क्याम्पसले भर्नाको क्रममा दलित विद्यार्थीलाई विशेष प्राथमिकता दिने गरेको छ । क्याम्पसले गरिब तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति समेत प्रदान गर्दै आएको छ । हड्खलेले भन्नुभयो, "सरकारी क्षेत्रबाट क्याम्पसको लागि ठूलो सहयोग छैन । समुदायकै व्यक्तिको प्रयासले क्याम्पस आज यो अवस्थासम्म आइपुगेको छ ।"

क्याम्पसको छात्रावासमा बस्नका लागि गत वर्ष पाँच सय विद्यार्थीले आवेदन दिएका थिए । त्यसमध्ये ३० विद्यार्थी मात्रै छनोट भएका थिए । विसं २०५८ मा सुरु भएर विसं २०७५ मङ्सिरमा छात्रावास निर्माण सम्पन्न भएको थियो ।

क्याम्पसमा विद्यार्थीको आकर्षण बढेसँगै यहाँ प्राविधिक शिक्षा सञ्चालनको तयारीका लागि व्यास नगरपालिकाले पनि चासो देखाएको छ । प्राविधिक विषय सञ्चालनका लागि अध्ययन गर्न व्यास नगरपालिकाले नगरप्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा समिति गठन गरेको छ । उक्त समितिमा व्यास नगरपालिका-१ का वडाध्यक्ष रमेशचन्द्र हड्खले, क्याम्पस सञ्चालक समितिका अध्यक्ष वा प्रतिनिधि, विज्ञान तथा प्रविधि क्षेत्रबाट एक जना सदस्य छन् ।

# राष्ट्रिय बहुउद्देश्यीय सहकारीमा सीता दाहाल

पोखरापत्र संवाददाता
पोखरा, २५ भदौ

राष्ट्रिय बहुउद्देश्यीय सहकारी संस्था लि., रामबजारको २० औं साधारण सभाले सीता दाहालको अध्यक्षतामा नयाँ संचालक समिति निर्वाचित गरेको छ ।

पोखरामा शनिबार भएको अधिवेशनले समिति उपाध्यक्षमा रवीन्द्र गर्बुजा, सचिव ताराकुमारी थापा केसी, कोषाध्यक्ष कमला पुन निर्वाचित भए । सदस्यमा टेकबहादुर पुन, डम्बरबहादुर बानियाँ र मधुमाया पुन छन् ।

लेखा सुपरीवेक्षण समिति संयोजकमा प्रताप, सदस्यमा गणेशप्रसाद गौतम र रामनाथ भट्टराई चयन भए । निर्वाचन



समिति संयोजकमा उमेश पुन थिए । यसअघि सभा उद्घाटन गर्दै पूर्व मन्त्री समेत रहेका संस्थाका संरक्षक उत्तमबहादुर पुनले संचालक समितिका पदाधिकारीलाई ऐन नियममा रही इमानदारीका साथ काम गर्न र अझै अग्रदिशामा लैजान आग्रह गरे । संस्थाका अध्यक्ष सीता दाहालले विगतमा कोरोनाको बाबजुद संस्थाको शेयर बृद्धि भएको र आर्थिक स्थिति सन्तोषजनक भएको बताइन् । सहकारी संचालक रवीन्द्र गर्बुजा पुनले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको संचालन सचिव पूर्णप्रसाद शर्माले गरेका थिए ।